जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ५४ • २०८२ पुस १ गते मंगलवार • 16 Dec. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# जेनजी आन्दोलनले ल्याएको सकारात्मक परिवर्तनलाई दीगो बनाउन निर्वाचन अनिवार्य

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ मंसिर**

जेनजी आन्दोलनले ल्याएको सकारात्मक परिवर्तनलाई दीगो बनाउन निर्वाचन अनिवार्य रहेको इन्सेकका संस्थापक अध्यक्ष तथा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकुरेलले बताउनुभएको छ।



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को समन्वय, जानकी महिला जागरण समाजको सहयोग तथा राइट्स क्लिनिकको आयोजनामा आज जनकपुरधाममा सम्पन्न "आसन्न आम निर्वाचन: जेनजी युवा र महिला सहभागिता" विषयक अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै उहाँले निर्वाचनको अनुगमनमा आजैदेखि सबै सरोकारवाला सक्रिय हुनुपर्नेमा जोड दिनुभयो। प्याकुरेलले जेनजी आन्दोलनले युवा पुस्ताको सोचलाई सशक्त बनाएको उल्लेख गर्दै यसको सकारात्मक उपयोगमार्फत आम निर्वाचन निष्पक्ष र भयमुक्त रूपमा सम्पन्न गराउन खबरदारी आवश्यक रहेको बताउनुभयो। सेना परिचालनको हल्लाबीच पनि सरकारकै नेतृत्वमा निर्वाचन सम्पन्न हुने वातावरण बनाउन सबै नागरिकले चौतर्फी दबाब दिनुपर्ने भन्दै सचेत मतदाताको भूमिकामा रहन उहाँले अपिल गर्नुभयो। भदौ २३ गते भएको आन्दोलनले राज्यको जवाफदेहिता कमजोर अवस्थामा देखिनु संविधानकै खिल्ली उडाउने कार्य भएको टिप्पणी गर्दै उहाँले भोट हाल्न जनता आवश्यक भएजस्तै जनताले आफ्ना कुरा राख्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने धारणा राख्नुभयो। राजनीतिक दलहरूले आफ्नै आचरणअनुसार जनताप्रति जिम्मेवार र संवेदनशील बन्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो।

कार्यक्रममा सहभागीको जिज्ञासामाथि बोल्दै मधेश प्रदेश सभा सदस्य शारदा थापाले बाध्यात्मक व्यवस्था अनुसार महिलाले प्रतिनिधित्व त पाएका छन् तर निर्णायक तहमा अझै पर्याप्त अवसर नपाएको बताउनुभयो। त्यसैगरी प्रदेश सभा सदस्य रामआशिष यादवले युवाहरूले राजनीतिबारे गहन अध्ययनसहित यस क्षेत्रमा प्रवेश गरेमा देशको राजनीतिक अस्थिरता अन्त्य गर्न सक्ने बताउँदै जेनजी पुस्ता ऐतिहासिक पुस्ता भएकाले निर्वाचनमा सक्रिय सहभागी भएर देश विकासमा योगदान दिन आग्रह गर्नुभयो।

प्रदेश सभाका पूर्व माननीय परमेश्वर साहले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले खुला र सहज ढंगले नेतृत्वदायी भूमिकामा अग्रसर भई आफ्ना एजेन्डाका लागि संघर्ष गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। नेपाली काँग्रेस धनुषा जिल्ला उपसभापति गणेश झाले खर्चिलो चुनावी वातावरणमा 'किन भोट ? र केका लागि भोट ?' भन्ने कुरा मतदाताले बुझ्न सकेमा मात्र भ्रष्टाचार न्यूनीकरण सम्भव हुने बताउँदै प्रभावकारी मतदाता शिक्षा अपरिहार्य रहेको उल्लेख गर्नुभयो।

# पोखरा प्रवर्द्धन कार्यक्रम तथा २७ औं पोखरा सडक महोत्सवको प्रचार अभियान २०८२ सुरु



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ मंसिर**

पोखरा प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा प्रवर्द्धन कार्यक्रम तथा २७औं पोखरा सडक महोत्सव सम्बन्धी प्रचार-प्रसार अभियानका क्रममा आज जनकपुर धाममा गरिएको छ।

आयोजकका अनुसार महोत्सव २०८२ पुस १३ गतेदेखि २०८१ पुस १७ गतेसम्म पोखरामा आयोजना हुनेछ। कार्यक्रममार्फत पोखराको पर्यटन, संस्कृति, खानपान र स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ।

महोत्सवमा विभिन्न सांस्कृतिक प्रस्तुति, स्थानीय परिकार, मनोरञ्जनात्मक कार्यक्रम तथा पर्यटनसँग सम्बन्धित प्रदर्शनी रहने जनाइएको छ। आयोजकले स्वदेशी तथा विदेशी पर्यटकलाई महोत्सवमा सहभागी भई पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग गर्न आग्रह गरेका छन्।

# मधेस प्रदेशमा नेपाली कांग्रेसको क्रियाशील सदस्यतामा विवाद



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ मंसिर**

नेपाली कांग्रेसले क्रियाशील सदस्यता विवाद मधेस प्रदेशमा टुङ्गिन सकेको छैन। सदस्यता नवीकरण, नयाँ सदस्यता वितरण तथा प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गरी हुँदै आएका बैठक निष्कर्षहीन बन्दै गएको देखिएको छ। **धनुषामा के छ अवस्था ?** धनुषा जिल्लामा क्रियाशील सदस्यता विवाद समग्र रूपमा ठुलो नरहेको नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियारले बताए।

उनका अनुसार केही वडामा फारम सम्बन्धी सामान्य समस्या देखिए पनि दुई-तीन दिनभित्र सबै टुङ्गो लगाएर केन्द्रमा पठाउने तयारी छ। धनुषामा नयाँ सदस्यता ५ देखि ६ हजारको संख्यामा वितरण हुने र नवीकरण १८ देखि २० हजारसम्म हुने उनले जानकारी दिए। **महोत्तरीमा के छ अवस्था ?** महोत्तरीमा १० देखि १३ हजारसम्म सदस्यता नवीकरण भएको छ भने करिब ५ हजार नयाँ सदस्यता थपिने अनुमान रहेको महोत्तरी कांग्रेसका सभापति नागेश्वर यादवले जानकारी दिए।

उनका अनुसार फारममा नम्बर उल्लेख गर्दा केही प्राविधिक त्रुटि देखिए पनि जिल्लामा ठुला विवाद छैनन्। यद्यपि सबै प्रक्रिया टुङ्ग्याउन केही समय लाग्ने उनले बताए।

**सर्लाहीमा विवादित** सर्लाहीमा भने सदस्यता वितरण र नवीकरण प्रक्रिया विवादित बनेको छ। कार्यवाहक सभापति डा. सरोज कुमारका अनुसार हालसम्म दुई हजार सिरियल नम्बरसम्मका फारमको मात्र प्रक्रिया अघि बढेको छ।


नयाँ सदस्यताका लागि नम्बरिङमै विवाद रहेकाले तोकिएको समयमा काम सम्पन्न हुन असम्भव देखिएको उनको भनाइ छ। क्षेत्र-क्षेत्रमा विवाद रहेकाले विवाद टुङ्ग्याउन थप समय आवश्यक रहेको उनको भनाइ छ। **पर्सामा ६० प्रतिशत काम सम्पन्न** पर्सा कांग्रेसका सभापति जनार्दन सिंह क्षेत्रीका अनुसार सदस्यता सूचीकरणको करिब ६० प्रतिशत काम सम्पन्न भइसकेको छ। अहिले किसानहरू धान काट्नेदेखि अन्य कृषि कार्यमा व्यस्त रहेकाले तत्काल सदस्यता टुङ्गो लगाउन कठिन

बांकी पृष्ठ २ मा

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
33 Years of Academic Excellence

मतदानमा सहभागी बनौं।
❖मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
❖मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
❖मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
❖मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
❖मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं।
❖दबाब र प्रभावमा परी मतदान नगरौं।
❖व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
❖अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
❖सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
❖राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# सुशासन र समृद्धि कायम गर

*राजनीतिक दलले पनि नागरिकको चाहना र अपेक्षा अनुरूप उम्मेदवारको छनोट गर्नु आवश्यक रहेको देखिन्छ । मतदाताको पनि आफ्ना कर्तव्य र दायित्व रहेको देखिन्छ । नागरिकले विवेक पुऱ्याउनुपर्ने विषय पनि देखिन्छ । समाजमा सदाचार, निष्ठा, इमानदारिता तथा अनुशासनको पालना गरी समाजमा ख्याति आर्जन गरेका उच्च नैतिक चरित्रवान् व्यक्तिलाई उम्मेदवार बनाउनुपर्ने र त्यस्ता जनप्रतिनिधि छनोट गर्ने वातावरण सिर्जना हुने देखिन्छ । राम्रो व्यक्ति उम्मेदवार छनोट भई निर्वाचित भएमा जनताको हितमा धेरैभन्दा धेरै काम भई समस्त समाज नै लाभान्वित हुने देखिन्छ । राजनीति सेवा हो व्यापार तथा पेसा होइन । जसले सार्वजनिक हित र जनअपेक्षा अनुरूप काम गर्न सक्ने क्षमता राख्छ, त्यस्तो व्यक्ति जनताको प्रतिनिधि बन्ने वातावरण बनाउनु पर्ने देखिन्छ ।*

*जुनसुकै दलको उम्मेदवार भए पनि राम्रो उम्मेदवार, नैतिकवान्, निष्ठा भएको कुशल उम्मेदवार को छ भनी मतदाताले हेर्न आवश्यक रहेको देखिन्छ । निर्वाचनमा कसैको दबाब, प्रभाव एवं प्रलोभनमा नपरी योग्य र इमानदार एवं निष्ठावान् उम्मेदवारलाई मतदाताले छनोट गर्न सक्नुपर्ने देखिन्छ । मुलुकमा दिगो शान्ति, विकास, सुशासन र समृद्धि कायम गर्ने हो भने जनताको अपेक्षाअनुरूप काम गर्ने योग्य, सक्षम र इमानदार व्यक्तिलाई निर्वाचित गर्ने कार्यमा आफ्नो अमूल्य मत दान गर्नेतर्फ मतदाताले विवेक प्रयोग गर्नु जरुरी रहेको छ ।*

# नेकपा एमालेको जारी ११ औं महाधिवेशनमा बिहान ८ बजेबाट भृकुटी मण्डपमा सुरु

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ मंसिर**

नेकपा एमालेको जारी ११ औं महाधिवेशनमा सोमबार बिहान ८ बजेबाट भृकुटी मण्डपमा सुरु हुँदैछ । पार्टीको निर्वाचन आयोगले आइतबार साँझ प्रकाशन गरेको मतदाताको अन्तिम नामावलीमा अहिले बिहान ९ बजेसम्म दाबी विरोधको समय राखिएको छ ।




आयोगका प्रमुख विजय सुब्बाका अनुसार आजै उम्मेद्वारको अन्तिम नामावली प्रकाशन गरेर भोली मतदान गर्ने तयारी छ । आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुसार मतदाता नामावलीमा परेको दाबी विरोधको छानविन बिहान १० बजेसम्ममा सकिने । १०:१५ मा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने आयोगले जनाएको छ । आयोगले बिहान ९ बजेदेखि १२ बजेसम्म नै उम्मेद्वारीको फारम वितरण गर्दैछ । ''मतदाता नामावलीको दाबी विरोधमा छानविन हुँदै गर्छ । उम्मेद्वारीको फारम पनि वितरण गर्दैगर्छौं'' आयोगका प्रमुख डा.विजय सुब्बा भन्नुहुन्छ, ''उम्मेद्वारी दर्ता बिहान १०:३० देखि दिउँसो १:३० बजेसम्ममा सकिनेछ ।''

उम्मेद्वारको प्रारम्भिक नामावली प्रकाशन दिउसो २:३० बजे हुनेछ । उम्मेद्वारविरुद्ध उजुरी दिने समय २:३० देखि आधा घण्टालाई राखिएको छ । उम्मेद्वारविरुद्धको छानविन १० मिनेटमै सक्ने आयोगले जनाएको छ । उम्मेद्वारको अन्तिम नामावली प्रकाशन साँझ ६ बजे गरिने आयोगले जारी गरेको निर्वाचन कार्यतालिकामा उल्लेख छ । हिजोदेखि सुरु भएको महाधिवेशनमा २२६३ जना प्रतिनिधि छन् ।

## *मधेस प्रदेशमा नेपाली..........*

रहेको उनले बताए । जिल्लामा ठुलो विवाद नरहेको उनले प्रस्ट पारे । **बारामा पनि टुङ्गिएन विवाद** बाराका कांग्रेस सभापति राजेश राय यादवका अनुसार क्रियाशील सदस्यता सम्बन्धमा केही असहमति देखिए सुल्झाउने प्रयास जारी छ । हालसम्म सदस्यता विवादको टुङ्गो लाग्न नसकेकाले थप समय आवश्यक रहेको उनले बताए । बारा कांग्रेसका सचिव राजेश रौनियारले भने क्षेत्रीय सभापतिले नै बदमासी गरेको आरोप लगाएका छन् । उनका अनुसार क्षेत्र नं. १ र ३ मा खासै समस्या नरहे पनि क्षेत्र नम्बर २ र ४ का सभापतिहरूले विधानविपरीत कार्य गरेका छन् । त्यसमा जिल्ला सभापतिले समेत साथ दिएको उनको आरोप छ । **सप्तरीमा १० प्रतिशतमात्र टुङ्गियो** सप्तरी कांग्रेसका सभापति रामदेव साहका अनुसार हालसम्म सदस्यता विवाद करिब १० प्रतिशतमात्र टुंगिएको छ । विवाद समाधानको प्रयास भइरहेको जनाउँदै उनले यसका लागि केही दिन समय लाग्ने प्रस्ट पारे । नयाँ सदस्यता वितरणको काम भर्खरैमात्र सुरु भएको उनको भनाइ छ । **सिरहामा ५० प्रतिशत विवाद टुङ्गियो** सिरहामा करिब ५० प्रतिशत सदस्यताको टुङ्गो लागिसकेको छ । सिरहा कांग्रेसका सभापति रामचन्द्र यादवका अनुसार क्षेत्र नं. २ र ४ मा लगभग प्रक्रिया सम्पन्न भइसकेको छ भने अन्य क्षेत्रमा बाँकी छ । किसानहरू व्यस्त रहेका कारण वडा बैठकहरू निष्क्रिय रहेकाले तोकिएको समयभित्र काम सक्न कठिन देखिएको उनले बताए । नयाँ सदस्यताका फारममा नम्बरिङ नभएकाले अन्योल बढेको भए पनि केन्द्रसँग छलफल भइसकेको र छिट्टै समाधान हुने विश्वास उनले व्यक्त गरे ।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: खानपानमा समस्या आउने
मिथून: शुभ कार्यको शुरुवात
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: आम्दानी हुने
मकर: मनमा पछुतो आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अस्ट्रेलियाको बोन्डी बीचमा यहूदी समुदायलाई लक्षित गरी भएको आतङ्कवादी हमलामा मृत्यु हुनेको सङ्ख्या १६ पुग्यो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ मंसिर**



अस्ट्रेलियाको बोन्डी बीचमा हनुक्काको पहिलो दिन मनाइरहेका यहूदी समुदायलाई लक्षित गरी भएको आतङ्कवादी हमलामा मृत्यु हुनेको सङ्ख्या १६ पुगेको छ। कम्तीमा ४० जना अझै अस्पताल भर्ना छन्, न्यू साउथ वेल्स (एनएसडब्ल्यू) प्रहरीले सोमबार पुष्टि गरेको छ।

एक्समा एक पोस्टमा जानकारी साझा गर्दै एनएसडब्ल्यू प्रहरी बलले भन्यो, "बोन्डीमा हिजो भएको गोलीकाण्डपछि १६ जनाको मृत्यु भएको र ४० जना अझै अस्पतालमा रहेको प्रहरीले पुष्टि गर्न सक्छ। थप जानकारी चाँडै प्रदान गरिनेछ।" सीएनएनका अनुसार, यहूदी समुदायका एक प्रतिनिधिले मृतकमा १२ वर्षीया बालिका र एक रब्बी समावेश भएको पुष्टि गरे। अधिकारीहरूले थप भने कि अनुसन्धान जारी रहँदा बोन्डी समुद्र तट वरपरको क्षेत्र सिल गरिएको छ र साइटमा हवाई यातायात थप प्रतिबन्धित गरिएको छ।

# यस्तो छ सोमबारका लागि विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ मंसिर**




नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १४४ रुपैयाँ ३७ पैसा र बिक्रीदर १४४ रुपैयाँ ९७ पैसा निर्धारण गरिएको छ।

यसैगरी युरोपियन युरो एकको खरिददर १६९ रुपैयाँ ५० पैसा र बिक्रीदर १७० रुपैयाँ २० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १९३ रुपैयाँ ०५ पैसा र बिक्रीदर १९३ रुपैयाँ ८५ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८१ रुपैयाँ ३८ पैसा र बिक्रीदर १८२ रुपैयाँ १३ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९६ रुपैयाँ ०४ पैसा र बिक्रीदर ९६ रुपैयाँ ४४ पैसा, क्यानेडियन डलर एकको खरिददर १०४ रुपैयाँ ८२ पैसा र बिक्रीदर १०५ रुपैयाँ २६ पैसा, सिङ्गापुर डलर एकको खरिददर १११ रुपैयाँ ७५ पैसा र बिक्रीदर ११२ रुपैयाँ २१ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २६ पैसा र बिक्रीदर नौ रुपैयाँ ३० पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ४६ पैसा र बिक्रीदर २० रुपैयाँ ५५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ४७ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६३ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३९ रुपैयाँ ७७ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ५७ पैसा र बिक्रीदर चार रुपैयाँ ५९ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३९ रुपैयाँ ४७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ २१ पैसा र बिक्रीदर ३५ रुपैयाँ ३५ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७९ पैसा र बिक्रीदर नौ रुपैयाँ ८३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ५७ पैसा र बिक्रीदर १५ रुपैयाँ ६४ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ६९ पैसा र बिक्रीदर २२ रुपैयाँ ७९ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ५५ पैसा र बिक्रीदर १८ रुपैयाँ ६२ पैसा, कुवेती दिनार एकको खरिददर ४७० रुपैयाँ ६५ पैसा र बिक्रीदर ४७२ रुपैयाँ ६१ पैसा, बहराइन दिनार एकको खरिददर ३८२ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३८४ रुपैयाँ ५६ पैसा , ओमनी रियाल एकको खरिददर ३७४ रुपैयाँ ९८ पैसा र बिक्रीदर ३७६ रुपैयाँ ५४ पैसा रहेको छ।

# अभिनेत्री बेनिशा भन्छिन् : फिल्ममै नभएको कुरा प्रचार गरे समर्थन गर्दिनँ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ मंसिर**



अभिनेत्री बेनिशा हमालले फिल्ममै नभएको कुरा देखाइएको टिजर प्रचारमा आफू हिस्सा नबन्ने बताएकी छन्। सामाजिक सञ्जालमा एक पोस्ट गर्दै उनले त्यस्तो फिल्मलाई समर्थन समेत नगर्ने उनको भनाइ छ।

'यदि फिल्ममै नभएको कुनै कुरा केवल प्रचारका लागि टिजरमा देखाइन्छ भने, म त्यस्तो अभ्यासको समर्थन गर्दिनँ र त्यसको हिस्सा बन्न चाहन्नँ', उनी अगाडि लेख्छिन्– 'तर परिस्थिति जस्तोसुकै भए पनि, मैले सधैं मानिसहरूको मूल्य र मर्यादाको सम्मान गरेको छु। एक कलाकारको हैसियतले के साझा गर्ने र के नगर्ने भन्ने सिमाना मलाई स्पष्ट छ। फिल्मसँग सम्बन्ध नै नभएका विषय वा अरूको भावनालाई प्रचारका लागि प्रयोग गर्ने प्रवृत्ति प्रति म असहमत छु ।'उनले १४ वर्षदेखि फिल्म क्षेत्रमा काम गर्दै आएको उल्लेख गर्दै मैले सधैं आफ्नो कामलाई सम्मान गरेको बताएकी छन्। उनी भन्छिन्, 'म पेसागत आचरणमा विश्वास गर्छु र मानिसहरूको भावनाको सधैं कदर गर्ने प्रयास गर्छु।' बिताएको १४ वर्षमा कहिले राम्रो टिम र कहिले कहिले कम पेसागत टिमसँग काम गरेको अनुभव आफूसँग रहेको समेत उनले बताएकी छन्। बेनिशा अभिनित पछिल्लो फिल्म 'बिगुल' को टिजर अहिले सार्वजनिक भएको भएको छ । टिजरमा सार्वजनिक भएको केही समयमै बेनिशाले दिएको अभिव्यक्तिलाई धेरैले फिल्मप्रति लक्षित भनेका छन्।

# एनपीएलबाट राष्ट्रिय टोलीमा दाबेदारी दिएका खेलाडीहरू

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ मंसिर**



नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करण शनिबार सम्पन्न भएसँगै विभिन्न खेलाडीहरूले व्यक्तिगत रूपमा उत्कृष्ट प्रदर्शन गर्दै पुरस्कारहरू पनि पाए। केही खेलाडीले भने व्यक्तिगत रूपमा राम्रो गरे पनि टिमले भने राम्रो गर्न सकेन। राष्ट्रिय टोलीकै केही खेलाडी पनि 'फ्लप' हुँदा केहीले भने राम्रो लय कायमै राखे।

त्यसैगरी राष्ट्रिय टोलीमा पछिल्लो समय नरहेका तथा राष्ट्रिय टिमबाट खेल्नै बाँकी रहेका खेलाडीले उत्कृष्ट प्रदर्शन गरेर राष्ट्रिय टोलीको ढोका पनि ढक्ढक्याएका छन् । अबको दुई महिनामा भारत र श्रीलंकामा आईसीसी टी-२० विश्वकप क्रिकेट पनि सुरु हुँदैछ अनि त्यसका लागि पनि टोली घोषणा हुन बाँकी छ। एनपीएलमा गरेको प्रदर्शनका आधारमा राष्ट्रिय टोलीमा केही फेरबदल हुनसक्ने चर्चा पनि सामाजिक सञ्जालहरूमा सुरु भइसकेको छ। क्यानका सदस्य, नेपाली टोलीका मुख्य प्रशिक्षक स्टुअर्ट ल अनि सेलेक्टरहरूले पनि एनपीएलमा खेलाडीले गरेको प्रदर्शनलाई नजिकबाट नियालेका छन्। यस्तोमा एनपीएलकै प्रदर्शनले विश्वकप खेल्ने टोलीमा स्थान पक्का गर्ने सम्भावना त न्यून नै हुन्छ किनभने विश्वकपमा छनोट गराएको टोलीबाट धेरै परिवर्तन गर्ने कुरा अर्थपूर्ण नहुन सक्छ।




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# एमालेको निर्णायक शक्ति बन्ने कठिन बाटो



-नेकपा एमाले बन्दसत्रबाट नेतृत्व चयनको अभ्यासमा जुटिरहँदा सामाजिक सञ्जालहरूचाहिँ शनिबारको सल्लाघारी सभाको उपस्थितिलाई लिएर तातेको छ। शनिबार सभा चलिरहेकै बेला सहभागीहरूको बाक्लो भीड देखिने तस्बिर ड्रोनबाट खिचिएको भनेर सामाजिक सञ्जालमा पोस्ट भएपछि त्यसलाई लिएर उत्पन्न क्रिया-प्रतिक्रिया थामिएका छैनन्।

एआई जेनरेटेड उक्त तस्बिरलाई लिएर एकथरीले भ्रम फैलाउन खोजेको भन्दै तीव्र आलोचना गरेका छन् भने एमालेको 'प्रोपोगान्डा युनिट' त्यसको प्रतिवादमा उत्रिएको छ। खासमा सल्लाघारी सभाको आकारलाई लिएर यस प्रकारको 'प्रोपोगान्डा' आवश्यक नै थिएन। त्यो यसकारण कि, सल्लाघारीमा शनिबार उसै पनि ठूलो संख्यामा एमालेहरू परिचालित थिए। त्यसलाई बढाइचढाइ गर्नु जरुरी थिएन। यद्यपि, सल्लाघारी सहभागितालाई लिएर एमालेहरू जसरी हौसिएका छन्, प्रश्न उठाउनुचाहिँ आवश्यक छ। के त्यो भीड एमालेको सम्पूर्ण सफलताको मापदण्ड हो ? शक्ति प्रदर्शन गरेर के उसले गुमेको साख फर्काउँदै आफ्नो राजनीतिक औचित्य पुष्टि गरिसक्यो ? एमाले सांगठनिक जरा स्थानीय तहसम्म बलियो गरी फैलिएको पार्टी हो। अरू राजनीतिक दलको तुलनामा उसको सांगठनिक सञ्जाल मजबुत र कार्यकर्ता परिचालन व्यवस्थित छ। जब-जब एमाले सार्वजनिक प्रदर्शन गर्छ, कार्यकर्ताहरूको राम्रै सहभागिता हुने गर्छ। जेन-जी सडक प्रदर्शन, त्यसपश्चात् भएको विध्वंसपछि रक्षात्मक अवस्थामा पुगेको यो पार्टीले प्रतिकूलताका बीच सल्लाघारी सभामा कार्यकर्ता र शुभेच्छुकहरूको लोभलाग्दो भीड प्रदर्शन गर्न सक्यो।

यसले महाधिवेशन प्रतिनिधि चयनका क्रममा संगठित सदस्यहरूको सहभागिता कमजोर भएकामा चिन्तित नेतृत्वलाई उत्साहित बनाएको छ। उद्घाटन सत्रको भव्य उपस्थितिपछि नेतृत्व हौसिएको छ। अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन मन्तव्यकै क्रममा दाबी गरे, 'मान्छेहरूको यो महासागर सम्पूर्ण एमाले होइन, महासागरको केही थोपा मात्रै हो।' अझ हौसिँदै उनले भने, 'एमाले अजम्बरी छ।' उनी यतिमै रोकिएनन्। अगाडि थपे, एमालेलाई अब निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने दृढ संकल्प एघारौं महाधिवेशनले गर्नेछ।' कुनै पनि दलका कार्यकर्ता, समर्थक वा शुभेच्छुक सार्वजनिक प्रदर्शनमा ठूलो संख्यामा जम्मा हुन सक्नुले निश्चय पनि त्यो पार्टीको संगठनात्मक शक्ति देखाउँछ।

एमालेको हकमा पनि शक्ति प्रदर्शनले उसको सांगठनिक 'स्ट्रेन्थ' देखिएको छ। तर के एघारौं महाधिवेशनले ओलीले दाबी गरेजस्तै यो पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा उभ्याउन सक्ला ? के यो पार्टी अजेय र अजम्बरी नै हो त ? निर्णायक राष्ट्रिय शक्ति बन्ने यसका आधारहरू के हुन् ? ठूलो भीड जम्मा हुँदा नेतृत्व र पार्टी पंक्ति उत्साहित त हुने सक्ने भए। तर, के भीडले गुमेको जनविश्वास पनि फर्काउन सक्ला ? के एघारौं महाधिवेशन यी प्रश्नहरूको निरूपण गर्न सक्षम होला ? यस पटक यो स्तम्भ बन्दसत्रको चटारोमा व्यस्त एमालेसामु उठेका यी प्रश्नमा केन्द्रित रहनेछ। के एमाले निर्णायक राष्ट्रिय शक्ति बन्न सक्ला ? यो प्रश्नको निरूपणअघि निर्णायक राष्ट्रिय शक्तिलाई कसरी बुझ्ने ? त्यो हेरौं।

मुलुकमा विद्यमान राजनीतिक डिस्कोर्सलाई आफ्नो पक्षमा पार्न सक्ने वा भनौं राष्ट्रिय बहसका मुद्दाहरू उठाउने र त्यसैअनुरूप भाष्य निर्माण गर्न सक्ने दल नै निर्णायक राष्ट्रिय शक्ति हो। संख्यात्मक हिसाबले ठूलो हुँदैमा त्यो निर्णायक शक्ति भइहाल्छ भनेर निचोड निकाल्नु त्रुटिपूर्ण हुन सक्छ। राजनीतिक दल र त्यसको नेतृत्वले अपनाउने कार्यशैली, पार्टीको विचार, नीति वा मुद्दाले उसलाई राष्ट्रिय शक्ति बनाउँछ। के यो बेला एमाले सत्ता निर्माणमा निर्णायक भूमिकामा छ ? भर्खरै भएको जेन-जी प्रदर्शन र त्यसपछिको विध्वंसपछि उत्पन्न परिस्थितिमा एमाले रक्षात्मक अवस्थामा पुगेको छ। गठबन्धन सरकारको नेतृत्व एमालेको थियो। तर, बढ्दो असन्तुष्टि र जनआक्रोशको बाढी आउँदै गरेको थोरै पनि भेउ नपाउँदा एमालेसहितको गठबन्धन सरकार त्यो भेलमा बग्यो। यतिबेला आफ्नो राजनीतिक औचित्य र उपादेयता पुष्टि गर्न एमाले संघर्षरत छ। उसले खरानीबाट फेरि उठ्ने उद्घोष गरेको छ। यद्यपि आफूलाई निर्णायक बनाउने गरी सुधार्ने बाटोमा अग्रसर छैन। नेतृत्वमा आत्मरति र अहंकार रत्ति घटेको छैन, बढ्दो छ।

राजनीतिक प्रतिशोधले घायल एमाले कसरी निर्णायक राष्ट्रिय शक्ति बन्ला ? निर्णायक शक्ति त त्यो हो, जसले आफू सत्तामा नहुँदा पनि सरकार सञ्चालनमा प्रभावकारी हस्तक्षेप गर्न सक्छ। सडक, संसद् वा राज्यका संयन्त्रहरूबीच सन्तुलन मिलाउन सक्छ। निर्णायक राष्ट्रिय शक्तिको अर्को पनि खुबी हुन्छ, उसले राष्ट्रिय परिदृश्यमा एजेन्डाहरू सेट गर्न सक्छ। अहिले एमाले संसद् पुनःस्थापनालाई राष्ट्रिय एजेन्डाका रूपमा सेट गर्न लागिपरेको छ। तर, जेन-जी प्रदर्शन र त्यसपछिको विध्वंसपछि जुन अकल्पनीय दुर्घटना भयो, त्यो बेलाको आवश्यकता र विकल्पमध्येको सबैभन्दा उपयुक्त कोर्समा मुलुकको राजनीति छ। राजनीतिक र संवैधानिक संकटमा फसेको यो बेला अरू क्षति हुन नदिने र संकटबाट बाहिर निकाल्ने अचुक अस्त्र चुनाव नै हो।

साभार : कान्तिपुर।













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday